# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

## रामशाहपथ,काठमाडौं, नेपाल

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्वन्धी सूचना

(प्रकाशित मितिः २०७८/०९/०२ गते)

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस कम्पनीको कर्मचारी सेवा सर्त सम्वन्धी विनियमावली, २०७४ (पहिलो संसोधन २०७८ सहित) को नियम ६ (१) अनुसार यस कम्पनी र सो अन्तरगत रिक्त रहेका देहायका पदहरुमा विनियमावलीको नियम १६ बमोजिम अयोग्य नभई तपसिलको योग्यता पुगेका नेपाली नागरिकहरुले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रहरुको स्वयं प्रमाणित प्रतिलिपी, हालसालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो र तोकिएको दस्तुर सहित समावेशी तर्फको समूह समेत खुलाई रितपूर्वक दरखास्त फाराम भरी तोकिएको म्यादभित्र यस कम्पनीको प्रधान कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले सम्वन्धित निकायबाट समकक्षता निर्धारणको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ । आवेदक बहालवाला स्थायी कर्मचारी भएमा कार्यरत संस्थाको विभागीय स्वीकृति समेत पेश गर्नु पर्नेछ । कार्य अनुभव चाहिने योग्यता तोकिएको पदहरुमा आवेदन दिने आवेदकले कार्यरत संस्थामा काम गरेको पद तथा अनुभवको वर्ष खुल्ने प्रमाणपत्रका साथै नियुक्ति पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । रित नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | तह | समूह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १/२०७८/७९ | व्यवस्थापक | ९ | आ.ज. | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानून वा सूचना प्रविधि मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिंम दर्ता भएको संगठीत संस्था वा अन्तराष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा ७ वर्षको अनुभव प्राप्त गरेको । तर, विद्यावारिधिस्तरको उपाधी प्राप्त गरेको ब्यक्तिको हकमा अनुभवको अवधि २ वर्ष कम हुनेछ । |
| २/२०७८/७९ | सह व्यवस्थापक | ८ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानून वा सूचना प्रविधि मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिंम दर्ता भएको संगठीत संस्था वा अन्तराष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा ५ वर्षको अनुभव प्राप्त गरेको । तर, विद्यावारिधिस्तरको उपाधी प्राप्त गरेको ब्यक्तिको हकमा अनुभवको अवधि २ वर्ष कम हुनेछ । |
| | | | मधेशी | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३/२०७८/७९ | नायव व्यवस्थापक | ७ | मधेशी | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानून वा सूचना प्रविधि मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर एकाउण्टेन्सी उत्तीर्ण गरेको । |
| ४/२०७८/७९ | कानून अधिकृत | ७ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर तह उतीर्ण भएको । |
| ५/२०७८/७९ | सूचना प्रविधि अधिकृत | ७ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर/सफ्टवेयर इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण गरी सोही वा व्यवस्थापन, बीमा, अर्थशास्त्र, तथ्याङ्कशास्त्र र सूचना प्रविधि मध्ये कुनै एक बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको हुनुपर्नेछ । साथै, कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिंम दर्ता भएको संगठित संस्था वा अन्तराष्ट्रिय संघसंस्थामा २ वर्षको कार्यानुभव हुनुपर्ने छ । |
| ६/२०७८/७९ | सहायक व्यवस्थापक | ६ | खुला | ३ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानून वा सूचना प्रविधि मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टड एकाउण्टेन्सी वा सो सरह उत्तीर्ण गरेको । |
| | | | आ.ज. | १ | |
| | | | मधेशी | १ | |
| ७/२०७८/७९ | सूचना प्रविधि अधिकृत | ६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर/सफ्टवेयर इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण गरी सोही वा व्यवस्थापन, बीमा, अर्थशास्त्र, तथ्याङ्कशास्त्र र सूचना प्रविधि मध्ये कुनै एक बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको । |
| | | | महिला | १ | |
| ८/२०७८/७९ | सूचना प्रविधि सहायक | ५ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सुचना प्रविधि (बि.सि.ए. /बि.सि.आई.एस/वि.आई.टि/बि.आई. एम/ बि.सि.एस. आईटी/ बि.बि.आई. एस.) इन्जिनियर इन कम्प्यूटर विषयमा स्नातक तह उत्तिर्ण भएको । |
| ९/२०७८/७९ | सहायक “क” | ५ | खुला | २ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानून, सूचना प्रविधि वा बीमा मध्ये कुनै एक बिषयमा स्नातक तह उत्तीर्ण गरेको । |
| | | | महिला | १ | |
| | | | आ.ज. | १ | |
| १०/२०७८/७९ | सहायक “ख” | ४ | खुला | २ | मान्यताप्राप्त शिक्षण संस्थाबाट लेखा वा सूचना प्रविधि मुख्य विषय लिई १०+ २ वा सो सरह उत्तीर्ण गरेको । |
| | | | महिला | १ | |
| | | | आ.ज. | १ | |
| | | | मधेशी | १ | |
| | | | दलित | १ | |

१. सेवाको किसिम : स्थायी ।

२. तलब, सुविधा तथा अन्य सेवाका शर्त : नियुक्ति हुँदाका बखत कम्पनीमा लागू रहेको प्रचलित नियमानुसार हुनेछ ।

| | | | |
|---|---|---|---|
| ३. | उमेरको हद | : | दरखास्त दिने अन्तिम मितिसम्म तह ९ पदका लागि २१ वर्ष पुरा भई ४० वर्ष उमेर ननाघेको, तह–६, ७ र ८ को पदका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका, तह ४ को पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, तर महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको । यस कम्पनीमा कार्यरत स्थायी कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन । |
| ४. | परीक्षण काल | : | १ वर्ष । महिलाको हकमा ६ महिना । |
| ५. | परीक्षाको किसिम | : | लिखित तथा अन्तर्वार्ता हुनेछ । साथै, विज्ञापन नं.५,७,८,९ र १० को लागि कम्प्युटर सीप सम्बन्धी प्रयोगात्मक परीक्षा समेत लिइनेछ । |
| ६. | दरखास्त फाराम पाइने तथा बुझाउने स्थान | : | कम्पनीको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौं । दरखास्त फारम यस कम्पनीको website: http//www.rbcl.gov.np बाट Download गर्न सकिनेछ । |
| ७. | दरखास्त बुझाउने अन्तिम म्याद | : | सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७८/१०/०१) भित्र र दोव्वर दस्तुर तिरी म्याद समाप्त भएको मितिले ७ दिन (मिति २०७८/१०/०८) गते सम्म । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट । |
| ८. | दरखास्त फारम दस्तुर | : | रु. १००/- (एक सय) । यस कम्पनीको website बाट Download गरेको दरखास्त फारामको हकमा समेत सोही बमोजिम शुल्क जम्मा गर्नुपर्नेछ । |
| ९ | परीक्षा शुल्क | : | तह-९ पदका लागि रु.१२००/–, तह-८ पदका लागि रु.१,०००/–, तह-६ र ७ का पदका लागि रु. ८००/- (आठ सय) तह ५ र ४ का पदका लागि रु. ५००/- (पाँच सय) । |
| १०. | समावेशी समूहका लागि थप दस्तुर | : | तह-६ वा सो भन्दा माथिल्लो तहको पदका लागि प्रत्येक समूहमा थप रु.३००/- (तीन सय) र तह ४ र ५ का पदका लागि प्रत्येक समूहमा थप रु.२००/- (दुई सय) । |
| ११. | लिखित परीक्षा हुने मिति र केन्द्र | : | उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

द्रष्टव्य:

क) दरखास्त फाराम र परीक्षा सम्बन्धी शुल्क वा दस्तुर कम्पनी लि.को कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं.०१००२००००२८६७०१६ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदकको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

ख) तह ६ सहायक व्यवस्थापक, तह ५ सहायक "क" र तह ४ सहायक "ख" पदको परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तिम योग्यताक्रमका आधारमा शाखागत रुपमा छनौट सूची प्रदान गरी नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा कार्यालयमा न्यूनतम ५ वर्ष सेवा गर्नुपर्नेछ ।

ग) खुला तथा समावेशी तर्फको लागि एउटै दरखास्त पेश गरे पुग्नेछ । साथै समावेशी तर्फ एक भन्दा वढी समूहमा दरखास्त दिने भएमा समूह अनुसार छुट्टा छुट्टै दस्तुर लाग्नेछ ।

घ) उपरोक्त पदहरुको खुला तथा समावेशी समुहको एउटै परीक्षा हुनेछ ।

ङ.) दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस कम्पनीको website: http//www.rbcl.gov.np मा हेर्न सकिनेछ ।

पुनश्चः

समावेशी तर्फका आवेदकहरुले पेश गर्नुपर्ने थप कागजातहरु :

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ग) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा तोकिएको निकायबाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

घ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ङ) पिछडिएको क्षेत्रको हकमा कम्पनीको कर्मचारी सेवा सर्त सम्वन्धी विनियमावली, २०७४ (पहिलो संसोधन २०७८ सहित) नियम ६(५)(ङ) स्पष्टीकरण (क) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोवास भएको प्रमाण पेश गर्नु पर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति